
सन् 2022 जुनसम्ममा

# कृत्रिम जलाशय हजार्ड म्याप Midori वार्ड




## (व्याख्यात्मक वाक्य)

- नक्सामा देखाइएको डुबान, भूकम्प आदि प्राकृतिक विपद्को कारणले गर्दा, केहीगरी कृत्रिम जलाशयको तटबन्धमा असामान्य अवस्था आइपरी फुटेछ भने, अनुमान गर्न सकिने डुबान क्षेत्र, डुबान गहिराइ तथा भेल आइपुग्ने समयहरू कम्प्यूटर ट्रायल गरी हिसाब निकालिएको आँकडा हो।
- यो डुबान क्षेत्र, कृत्रिम जलाशय सामान्य स्थितिमा रहेको बेलाको पानीको स्तरमा फुटेको सर्तमा हिसाब गरिएको हो।
- डुबान क्षेत्र, डुबान गहिराइ तथा भेल आइपुग्ने समयहरू भनेको खालि अनुमान गरिएका मात्र हुन् तसर्थ, विभिन्न परिस्थितिहरू अनुसार अनुमान गरिएको भन्दा ठूलो आउन सक्ने अवस्था पनि हुनसक्छ।
- यहाँ देखाइएको कृत्रिम जलाशय, तत्काल खतराजनक अवस्था छ भन्ने कुरा देखाउन खोजिएको होइन।
- यो नक्सा, Nagoya Cityले गरेको कम्प्यूटर ट्रायलको नतिजामा आधारित रहेर निर्माण गरिएको हो।

## (कृत्रिम जलाशयमा असामान्य परिदृष्य देखा पर्दा)

- डुबानमा पर्नसक्ने क्षेत्र ठम्याएर, कृत्रिम जलाशयमा असामान्य अवस्था देखा पर्दा या नगरले सुरक्षित स्थानमा जान आह्वान गरेको आदि, कृत्रिम जलाशयको कारण विपद् आइपर्न सक्छ भन्ने लागेमा, चाँडो सुरक्षा उपायहरू अवलम्बन गर्नुहोस्।
- तटबन्ध फुट्नु अघि देखापर्ने असामान्य परिदृष्यमा, तटबन्ध चर्किएर चिरा पर्ने, तटबन्धबाट पानीको भल फुट्ने आदि पर्दछन्।

## (फुटाइका मुख्य प्रकारहरू)

### जमिन खस्किने

पानी पसेको

भूकम्पको कारणले तटबन्ध हल्लिने, कृत्रिम जलाशयमा जम्मा गरिएको पानी या वर्षाहरू तटबन्ध भित्रै पसेर चुहिने भएर, एक पाखो बगेर, अन्त्यमा फुट्ने परिदृष्य हो।

### पानी पसेर जमिन बग्ने

पानी बग्ने धार

कृत्रिम जलाशयको तटबन्धमा फाटेको धाँजा पानी बग्ने धार बन्दै क्रमशः ठूल्ठूलो हुँदै अन्ततःफुट्न पुग्ने परिदृष्य हो।

**नोट:**

| | | | | | |
|---|---|---|---|---|---|
| फुटेपछिको डुबान हुने बेलासम्मको अवधि [( ) भित्र देखाइएको माथिल्लो तटीय क्षेत्रको जलाशय] | | इलाकाको सिमाना (कुजाकाइ) | | | |
| अन्डरपास-रोड ठूलो वर्षा भयो भने सडक डुबान भएर, आवतजावत बन्द हुने स्थान। | | विद्यालय इलाकाको सिमाना | (विद्यालय इलाकाको सिमाना लगभग हो। विस्तृत विवरणको लागि, हरेक वार्डपालिकामा सोधपुछ गर्नुहोस्।) | | |
| पहिरो विपद् (विशेष) सतर्कता अपनाउनु पर्ने क्षेत्र पहिरो विपद् उत्पन्न हुने डर भएको क्षेत्र। | ● | वार्डपालिका | ○ शाखा | ㊋ | अग्नि नियन्त्रण विभाग |

यो नक्सामा सन् 2015/16 मा रचना गरिएको सहरी विकास योजना आधारभूत नक्सा प्रयोग गरिएको छ। पुनश्च, आवश्यकता अनुसार रचना पश्चात् अवस्थालाई संशोधन गरिएको छ।
Tokai City/Ofu City/Toyoake Cityको सम्बन्धमा, यी हरेक नगरहरूबाट स्वीकृति लिएर सहरी विकास योजना आधारभूत नक्सा प्रयोग गरिएको छ। (मान्यता नम्बर Tokai City: 都 No.29; Ofu City: 3大都 No.321-2; Toyoake City: 豊都 No.180)
पहिरो विपद् जानकारी म्याप, Aichi Prefecture, क्रियटिभ कमन्स लाइसेन्स डिस्प्ले 2.1 जापान (http://creativecommons.org/licenses/by/2.1/jp/)